'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ३६ सोमवार १४ असोज, २०८१ 30 (Monday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## लुम्बिनी प्रदेशका बाढीपहिरो प्रभावितलाई सुरक्षित स्थानमा सारियो

नमस्ते समचारदाता
बुटवल, असोज/१३




लुम्बिनी प्रदेशमा बाढी र पहिरो प्रभावित एक सय ९ जनालाई सुरक्षित स्थानमा सारिएको छ। सुरक्षाकर्मी र स्थानीय समुदायको सक्रियतामा पश्चिम नवलपरासी, पाल्पा, रुपन्देही, गुल्मी र रोल्पा जिल्लाका बाढी तथा पहिरो प्रभावितहरुलाई सुरक्षित स्थानमा सारिएको हो। मुख्यमन्त्री चेतनारायण आचार्यले विपद् प्रतिकार्य योजनालाई प्रभावकारी कार्यान्वयन गर्न तीन वटै सुरक्षा निकाय, रेडक्रस, स्वंयमसेवक तथा आम सर्वसाधारण नागरिकहरुमा अपील गरेसँगै नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना लगायत समुदायका नागरिक बीचको सहकार्यले विपद् प्रतिकार्य योजना कार्यान्वयनमा सहजता आएको हो। प्रदेश सरकारको सहजीकरणमा सुरक्षा निकाय र स्थानीय सरकारले विपद्मा परेकाहरुलाई राहत, पुर्नस्थापनाको काम पनि अघि बढाएका छन्। बाढी, पहिरोबाट प्रभावितहरुलाई सुरक्षित स्थानमा सारिएको र पुर्नस्थापनाको काम अघि बढेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी गंगाधर पाण्डेले जानकारी दिए। उनका अनुसार बाढी र पहिरोको उच्च जोखिममा रहेका स्थानीयहरुलाई सार्वजनिक भवन, छिमेकी तथा आफन्तको घरमा बसेका छन्। नवलपरासी वर्दघाट-२ बासखोलामा ९ जनाको घर बाढीका कारण डुबानमा परेर क्षती भएको छ। स्थानीय कोशबहादुर आले, हरीबहादुर राई, कादर दर्लामी, तोमन सिंह दर्लामी, तिलकुमारी बाह्रघरे, बमबहादुर बाह्रघरे, तिलकबहादुर रुचालको घर तथा गोठमा क्षती पुगेको छ। सुस्ता गाउँपालिका-५ बड्काटोलमा बाढी पसेको छ। नारायणी नदीको पानीको वहाव बढ्दा बाँध समेत फुटेर पानी बस्तीमा छिरेको थियो। स्थानीय प्रहरी र समुदायका नागरिकहरुलाई सार्वजनिक भवनमा सारिएको छ। पाल्पा रैनादेवी छहरा-१ का ज्ञानबहादुर कुमालका १२ जनाको परिवारलाई छिमेकीको घरमा सारिएको छ। बगनासकाली-६ निवासी देवनारायण बस्यालको घर पूर्णरुपमा बस्न नमिल्ने भएपछी दुई जना सदस्यलाई सुरक्षित स्थानमा सारिएको छ। तानसेन-५ कैलाशनगर सुकुम्वासी टोलमा पहिरो झर्दा ९ वटा घर जोखिममा परेपछी सुरक्षित स्थानमा सारिएको छ।

बाँकी ३ पेजमा...

## जुम्लामा 'सुपथ छुट मूल्य पसल' सञ्चालन

नमस्ते समचारदाता
जुम्ला, असोज/१३



जिल्लामा दशैंतिहार लक्षित 'पर्वोउत्सव सुपथ छुट मूल्य पसल' सञ्चालनमा आएको छ। खाद्य व्यवस्था तथा कम्पनी लिमिटेड शाखा जुम्लाले पसल सञ्चालनमा आएको हो। सुपथ छुट मूल्य पसल माघ २ गतेसम्म सञ्चालन हुनेछ। कार्यालय प्रमुख सन्तोष तिवारीका अनुसार ञपर्वोउत्सव सुपथ छुट मूल्य पसलझ पाँच हजार क्वीन्टल चामलको कोटा छुट्टाइएको छ जिल्लामा दुई डिपो र तीन बिक्री केन्द्र छन्। डिपो। बिक्री केन्द्रबाट समेत चामल बिक्री हुने प्रमुख तिवारीले बताए। शाखाबाट पच्चिस सय र डिपो र बिक्री केन्द्रबाटपनि २५ सय क्वीन्टल चामल बिक्री गरिनेछ। तिवारीले जुम्लाकोट र धापा डिपो तथा तातोपानीको पातरसाँघु,पातारासीको लुम र हिमाको बाझगाडमा बिक्री केन्द्र रहेका छन्। प्रत्येक डिपो र बिक्री केन्द्रबाट पाँच सय क्वीन्टल चामल बिक्री गरिने उनले बताए। स्टिम जिरो मसिनो, सोना मन्सुली र अरूवा मोटा चामल बिक्री हुनेछ। नागरिकले प्रति के.जी. ५ र प्रतिबोरा १२५ छुट पाउनेछन्। स्टिम जिरो मसिनो चामलको छुट पछिको बिक्री मूल्य प्रतिबोरा २ हजार २ सय ७५ रूपैयाँमा किन्न सक्नेछन्। सोना मन्सुली चामलको १ हजार ६ सय २५ र अरूवा मोटा चामल प्रति बोरा १ हजार १ सय ५५ रूपैयाँ पर्नेछ। हरेक दिन विहान १० बजेदेखि दिउँसो २ बजेसम्म चामल वितरण गरिनेछ।

## बाँकेमा नेपाली कांग्रेसको सय दिने केन्द्रीय अभियान सुरु

नमस्ते समचारदाता
बाँके, असोज/१३




नेपाली कांग्रेसको सय दिने केन्द्रीय अभियान बाँकेमा सुरु भएको छ। बाँकेमा केन्द्रीय प्रतिनिधिका रुपमा खटिएका केन्द्रिय सदस्य कृष्णकिशोर शर्मा घिमिरेले अभियानको शुभारम्भ गरेका हुन्। नेपाली कांग्रेस बाँकेका सभापति नारायण प्रसाद गौडेलको सभापतित्व एवम् घिमिरेको प्रमुख आतिथ्यतामा उद्धाटन गरिएको अभियान असोज ७ गतेदेखि पौष १६ गतेसम्म सञ्चालन गर्ने केन्द्रिय कार्यतालिका छ। तर, मुलुकमा पछिल्लोपटक आएको विपतका कारण कोजाग्रत पूर्णिमासम्मका लागि अभियान स्थगित गरिएको कांग्रेस केन्द्रले जनाएको छ। बाँकेमा अभियानको शुभारम्भ गर्दै केन्द्रिय प्रतिनिधि घिमिरेले पार्टीलाई संगठित बनाउँदै चलायमान बनाउन सबै पार्टी पंक्ति लाग्नुपर्नेमा जोड दिए। सबैको साझा प्रयासबाट मात्र पार्टीले चलाएको अभियानले सार्थकता पाउने घिमिरेको भनाई छ। आपसी तिक्तता, बैमनश्य र अन्तरद्वन्द त्यागेर पार्टीलाई बलियो बनाउनतर्फ लाग्न उनले आग्रह गरे। अर्का केन्द्रिय सदस्य मैकुलाल बाल्मिकीले पार्टीले सञ्चालन गरेको सय दिने अभियानले नेता कार्यकर्तामा जागरण ल्याउने विश्वास ब्यक्त गरे। पार्टी सभापति गौडेलले कांग्रेस बाँकेले पनि चार महिने अभियान चलाइरहेको बताउँदै केन्द्र र जिल्लाको अभियानलाई संगसंगै जोडेर पार्टी संगठन निर्माण र सुदृढीकरणमा लाग्न सबैलाई आह्वान गरे। कांग्रेस बाँकेले भदौ २४ गतेदेखि सुरु गरेको जेष्ठ नागरिक, महिला र युवाको योगदानः पार्टी संगठन सुदृढीकरणमा बाँके कांग्रेसको अभियानु पौष मसान्तसम्म सञ्चालन हुनेछ। सय दिने अभियान शुभारम्भ कार्यक्रममा विभिन्न नेता कार्यकर्ताले स्थानीय स्तरमा देखिएको समस्या, संगठन निर्माण र सुदृढीकरणमा देखिएको चुनौति र अभियानलाई जोडेर पृष्ठपोषणका रुपमा आफ्ना भनाई राखेका थिए।

## सुदूरपश्चिमका दुई जिल्लामा विद्युत् सेवा अवरुद्ध



नमस्ते समचारदाता
बैतडी, असोज/१३

सुदूरपश्चिम प्रदेशका पहाडी दुई जिल्ला बैतडी र दार्चुलामा विद्युत् सेवा अवरुद्ध भएको छ। शुक्रबार साँझदेखि दुई जिल्लाको विद्युत् सेवा अवरुद्ध भएको नेपाल विद्युत् प्राधिकरण, बैतडी वितरण केन्द्रका प्रमुख जनार्दन पौडेलले जानकारी दिए। लगातारको वर्षाका कारण बलाचदेखि स्याउले जोड्ने १३२ केभी प्रसारणको लाइनको तार टुटेर ३३ केभीमा परेकाले यहाँका दुई जिल्लाको विद्युत् सेवा अवरुद्ध भएको हो। उनले भने, '१३२ केभी प्रसारणको लाइनको तार दार्चुलाको नाइलमा ३३ केभीमा खस्न गएर विद्युत् सेवा अवरुद्ध भएको छ।' विद्युत् सेवा अवरुद्ध हुँदा बैतडी र दार्चुलाका नागरिक अन्धकारमा बस्न बाध्य भएका छन्। अवरुद्ध लाइन सञ्चालनका लागि प्राविधिकको परिचालन गरिएको प्रमुख पौडेलले बताए। दुई दिनदेखिको वर्षाले यहाँको जनजीवन प्रभावित भएको छ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## वर्षा सकिनै लाग्दा निम्तिएको विपत्

नेपाल भूगोल तथा प्राकृतिक रुपमा विविधता भएको देश हो । पुर्वमा पानी पर्दा पश्चिममा घाम लाग्नु यहाँको विशेषता नै हो । चाँडो वा ढिलो नेपालमा मौसम जन्य विपत्हरु आएकै हुन्छन् । त्यसबाट प्राय प्रत्येक वर्ष नै करोडौंको धनजनको क्षति भैरहेकै हुन्छ। विपत् रुप र समय मात्र फरक हुन। नेपालमा पश्चिम तिरका दुई प्रदेश कर्णाली र सुदुर पश्चिममा केही छिटफुट बाहेक यति बेला ठूलो प्राकृतिक विपत् आएको छैन । तर नेपालको कोशी, गण्डकी, मधेश र वाग्मती प्रदेशका प्राय सबै स्थानमा विशेष गरी गत शुक्रबार र शनिबार २४ सै घण्टा परेको अविरल वर्षाले ठूलो धनजनको क्षति गरेको छ। नेपालमा वर्षाको मापन गर्न शरु गरेको ५४ वर्षको अवधिमा काठमान्डौं उपत्यकामा अहिले सम्म कै सबै भन्दा धेरै वर्षा भएको मौषम विदहरुले बताएका छन्। नेपाल यतिबेला जुन अनुपातमा वर्षा भयो, त्यस्तो वर्षा हुन सक्ने र त्यसबाट विपत् आउन सक्ने पूर्वानुमान मौषम विदहरुले गरेर सार्वजनिक जानकारी समेत गराएकै थिए। तर यो जानकारीलाई सरकार र राज्यका तत् तत् संयन्त्रहरुले नजरअन्दाज गरेका कारणले धनजनको धेरै क्षति हुन पुग्यो । सरकारले वर्षाका कारणले अपरझट आइपर्ने विपत्मा जनताको जिउधनको सुरक्षा गर्ने तथा विपत्मा परेका आफ्ना नागरीकहरुको उद्दार गर्ने काममा निकै कमजोर देखियो। दुर्गम स्थानमा वा रातमा भएका विपत्का घटनामा त कुरै छोडौं राजधानी मै दिउसै नागरीक बाढीको वितण्डाको विपत्मा परेको बेलामा समेत कुनै तहको सरकारले उद्दार गर्न सकेन। बरु एउटा बाढी हेर्न गएको सामान्य व्यक्तिले बाढीले बगाइरहेका मानिसले देखेर बाढीमा हाम फालेर तीन तीन जना मानिसको उद्दार गर्‍यो र उनीहरुको ज्यान जोगायो। सरकारलाई यो देखेर लाज चाही लाग्यो कि लागेन खोइ ? हाम्रो देशमा गाउँ घरका बस्तीहरु र हाम्रा सडकहरु जुन प्राकृतिक अवस्थिति र भूगोलमा बनाइएका छन् तिनीहरुलाई तुरुन्तातुरुन्तै बदल्न वा स्थानान्तरण गर्न सकिदैन । त्यस्तो ठाउँमा जनताको जिउधनको सुरक्षा गर्न केही पूर्वाधारका काम गर्न सकिन्छ । पूर्वसावधानी अपनाउन सकिन्छ। तर काठमान्डौं सहित उपत्यकाका अधिकांश बाढी प्रभावित स्थानहरु भनेका प्राचिणकाल देखि नै नदीले आफ्नो बहाब बनाइरहेका स्थान, कुलो, खोला, ताल तलाउ जस्ता पानीका बहाबहरु भैरहने स्थानको स्वरुप परिवर्तन गरेर, अतिक्रण गरेर भौतिक संरचनाहरु बनाएर मानव बस्ती बसेका कारणले भएको हो भन्ने कुराको अब त सबै पक्षलाई ज्ञान हुनु पर्ने हो ।

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

# बाढीले बढाएको सहरी संकट



डा. केदार कार्की



पछिल्ला केही दिनको अविरल वर्षाले काठमाडौं उपत्यकासहित मुलुकभर वितण्डा निम्त्याएको छ । सहरी बाढी त अझ बढ्दो संकटको रूपमा देखिएको छ। जसले नेपालमात्र होइन, विश्वभरका सहरी योजनाकारहरूका लागि ठूलो चुनौती खडा गरिदिएको छ । सहरी बाढीको समस्या बढ्दो र गम्भीर बन्दै गएको छ। यो बाढीको घटना मात्र होइन, मानव जीवन, जीविकोपार्जन र सम्पत्तिमा ठूलो नोक्सान पुऱ्याउने संक्रमणको जोखिमको माध्यमिक प्रभाव पनि हो । सहरी बाढी भनेको वातावरणीय समस्याको उपज हो, विशेषगरी घना जनसंख्या भएका सहरी क्षेत्रहरूमा ढल निकास प्रणालीको क्षमताभन्दा बढी वर्षाको परिणाम स्वरूप हुने समस्या । सहरी बाढी र ग्रामीण बाढीबीच धेरै फरक छ। सहरमा सहरीकरणले विकसित समस्याहरू निम्त्याउँछ, जसले बाढीको मात्रा बढाउँछ। नतिजाको रूपमा, द्रुत प्रवाह समयको कारण बाढी धेरै छिटो हुन्छ, कहिलेकाहीँ मिनेटमा । सहरी बाढी भनेको सहरी क्षेत्रमा हुने बाढीमात्र होइन, यो विकसित क्षेत्रहरूमा अत्यधिक बहावका कारण हो, जहाँ पानी कतै जाने ठाउँ छैन । सहरी बाढीलाई ठूलो प्रकोपसँग जोड्न सकिन्छ। विश्वव्यापी हेर्ने हो भने हरिकेन हार्वे, जसले ह्युस्टन र टेक्सासका अन्य सहरहरूमा ३३ ट्रिलियन ग्यालेनभन्दा बढी पानी खसालेको थियो । यद्यपि, वर्षालाई अवशोषित गर्न वा व्यवस्थापन गर्न नसक्ने सहरी परिदृश्यहरूले गर्दा हुने पुरानो सहरी बाढी एक कममान्य खतरा हो । जसले व्यापक र महंगो विनाश निम्त्याउँछ । सहरी बाढीका कारण प्राकृतिक र मानवीय दुवै क्षति हुन्छ । प्राकृतिक कारणहरूमा अत्यधिक वर्षा, आँधीबेहरी, खुला पानीमा निरन्तर अवसाद र भारी हिउँ पग्लनु जसले तल्लो जलक्षेत्रमा अचानक बाढी निम्त्याउँछ । सहरी बाढीका मानवीय कारणहरूमा ढल निकास क्षेत्रको अतिक्रमण, जलवायु परिवर्तन, जलस्रोतहरूको प्रदूषण, नदीहरूमा अवैध उत्खनन गतिविधि र बाँधहरूबाट अनियोजित पानी छोड्नु पर्छ। जलवायु परिवर्तनले विश्वभर वर्षाको ढाँचा परिवर्तन गरिरहेको छ। वर्षा र बाढीका घटनाहरू आवृत्ति र गम्भीरता दुवैमा बढ्दै गएका छन् । ग्लोबल वार्मिङ्ले समुन्द्री सतह बढ्ने समस्यालाई बढाइरहेको छ, जसले तटीय क्षेत्रमा बाढी निम्त्याइरहेको छ । जलवायु परिवर्तनले वर्षाको ढाँचामा बाधा पुऱ्याएको छ, र सहरी ताता टापुहरूले सहरी क्षेत्रमा वर्षा बढाएको छ। जसको परिणामस्वरूप बाढी आउने गर्छ। सहरी बाढीको समस्यामा सहरीकरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सहरी क्षेत्रमा 'क्याचमेन्ट'को विकासले बाढीको चुचुरो र बाढीको मात्रा बढाउँछ । यसबाहेक, प्राकृतिक नालीहरूको क्षमता घटेको छ, जसले गर्दा बाढी आउन सक्छ। ताल, सिमसार र नदी किनारहरू जस्ता ढल निकास क्षेत्रहरूमा अतिक्रमणले अधिक पानीको बहावलाई रोक्छ, जसले बाढी निम्त्याउँछ। घरेलु, व्यावसायिक र औद्योगिक फोहोरलगायत ठोस फोहोरको अनुपयुक्त बिसर्जन र निर्माणका फोहोरलाई नालीमा फाल्ने कार्यले पनि तिनको वहन क्षमता घटाउन महत्वपूर्ण भूमिका खेल्छ । सहरी बाढीको प्रभाव धेरै गुणा हुन्छ र प्रभावित क्षेत्र सामान्यमा फर्किन पनि लामो समय लाग्छ। पानीबाट हुने संक्रमण फैलिने सम्भावनाका कारण यसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जनधनको नोक्सानी गर्छ । यसले खानेपानी, ढल निकास, विद्युत् प्रसारण लाइन, सञ्चार, यातायात र पूर्वाधारमा क्षति पुऱ्याएर सहरी कामकाजमा बाधा पुऱ्याउँछ। अत्यधिक पानीको बहावमा वनस्पति पखाल्नाले वातावरणमा थप क्षति पुऱ्याउँछ । बाढीका कारण पशुपक्षीहरू पनि रोगबाट ग्रसित हुन्छन् र आश्रय गुमाउँछन् । घर र भवनहरूमा ढल र ठोस फोहोर 'ओभरफ्लो' हुँदा सरसफाइमा सम्झौता हुन्छ अनि रोगहरू फैलिन्छन् । जीवन र सम्पत्तिको हानिको मनोवैज्ञानिक प्रभाव ठूलो छ । पुनः प्राप्तिको प्रक्रिया थकित र समय खपत गर्ने छ। यसले मानिसलाई दीर्घकालीन आघात पार्छ। सहरी बाढीको समस्या कम गर्न राम्रो सञ्चालन र मर्मत कार्यहरू गर्न आवश्यक छ । सहरी बाढीको खतरासँग सामना गर्न लागू गर्न सकिने केही दिगो समाधान निम्न छन् : हरित पूर्वाधार : सहरी जलवायु चुनौतीहरूको दिगो समाधान प्रदान गर्न हरित पूर्वाधार बनाउन सकिन्छ । नीलो-हरियो पूर्वाधारको विकास सहरी जलवायु चुनौतीहरूको दिगो समाधान प्रदान गर्न प्रभावकारी हुनेछ । सबै पूर्वाधार विकासमा 'रेन वाटर हार्भेस्टिङ'लाई समावेश गर्ने जस्ता राम्रो पानी व्यवस्थापन सुनिश्चित गर्नुपर्छ । भू-स्थानीय प्रविधि : बाढी जोखिम नक्सांकनका लागि भू-स्थानीय प्रविधिको प्रयोग गर्नुपर्छ, जसले विकासका लागि राम्रो योजना बनाउन मद्दत गर्नेछ । अतिरिक्त पानीको मुक्त प्रवाह सुनिश्चित गर्न प्राकृतिक जल निकायहरू कडाइका साथ सफा र मर्मत गर्नुपर्छ । जलस्रोतहरूलाई प्रदूषण र अतिक्रमणबाट मुक्त गर्नुपर्छ अनि ढल निकास प्रणाली (ड्रेनेज सिस्टम) नियमित रूपमा मर्मत गर्नुपर्छ । बाढी व्यवस्थापन : बाढी व्यवस्थापनको महत्वलाई प्रशासकहरूले समेत गम्भीर तापूर्वक लिएका छैनन् । बाढीको जोखिम कम गर्न, पूर्वाधार सुधार गर्न र जनता एवं सम्पत्तिको सुरक्षा गर्न सुशासन हुनुपर्छ । आँधी पानी व्यवस्थापन : सहरी बाढी व्यवस्थापन गर्न आँधी पानी व्यवस्थापन आवश्यक छ । नगरपालिकाको पानी उपयोगिताहरूले वर्षाको स्तर नियन्त्रण गर्न आँधी पानी व्यवस्थापनमा लगानी गर्नुपर्छ । ढल निकास र त्यसअघि ढल पूर्वाधारहरू लचिलो बनाउन आवश्यक छ । वर्षाको पानी नियन्त्रण गरी भण्डारणका लागि दिगो विकल्पहरूको खोजी र लागू गर्नु आवश्यक हुन्छ । सहयोग र चेतना : सहरी बाढीको सामना गर्न सहयोग र चेतना आवश्यक छ । सहरहरूलाई थप लचिलो बनाउन नगरपालिकाका नेताहरू, सहरी व्यवसायीहरू, आविष्कारकहरू र समुदायका बासिन्दाहरूले मिलेर काम गर्न आवश्यक छ । बाढी-प्रवण क्षेत्रहरूमा बस्ने जोखिम र जिम्मेवारीहरूका बारेमा उनीहरूलाई शिक्षित गर्नका लागि बासिन्दाहरूको ठूलो चेतना चाहिन्छ । निष्कर्ष : सहरी बाढी एक बढ्दो संकट हो । यसले नेपाल मात्र होइन, विश्वभरका सहरी योजनाकारलाई नै बारम्बार चुनौती दिइरहेको छ । नेपालका सन्दर्भमा अझ काठमाडौं उपत्यका भित्र यसले बेलाबखत वितण्डा मच्चाइरहन्छ । सहरी बाढीका कारण प्राकृतिक र मानवीय दुवै हुन् । मुलुकभरि देखिने यो समस्याका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार सबै सचेत हुनुपर्ने देखिन्छ । सहकार्यले मात्र समस्याको समाधान हुने देखिन्छ । हरित पूर्वाधार, भू-स्थानीय प्रविधि, बाढी व्यवस्थापन, आँधी पानी व्यवस्थापन र सहरी बाढीको खतरालाई सम्बोधन गर्न सोही अनुसार संयन्त्र खडा गर्नुपर्ने हुन्छ । अझ सरकार र सहरी योजनाकार चाहिँ यस्ता बाढी र विपद् व्यवस्थापनका लागि दिगो निकासमा जुट्नुपर्ने हुन्छ। दिगो समाधानहरूका लागि अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन, अनुसन्धान र कार्यान्वयन h?/L5 . -अन्नपूर्ण

गाउँपालिका द्वारा जारी सन्देश
१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
ताँजाकोट गाउँपालिका
हुम्ला

गाउँपालिका द्वारा जारी सन्देश
१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
सर्केगाड गाउँपालिका
हुम्ला

# नेपालगन्जबाट लागु औषधसहित तीन जना पक्राउ



■ नमस्ते समचारदाता
नेपालगन्ज, असोज/१३

प्रहरीले नेपालगन्ज उपमहानगर पालिकाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय मिलिग्रामसहित ३ जना लाई पक्राउ गरेको छ। शुक्रबार दिउँसो प्रहरीले नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर-४ बाट उनीहरूलाई पक्राउ गरेको नेपाल प्रहरीले शुक्रबारको दैनिक बुलेटिनमार्फत जनाएको हो। पक्राउ पर्नेहरूमा नेपालगन्ज उपमहानगरपालिका-४ बस्ने रामेछाप घर भएकी २१ वर्षीया बबिता श्रेष्ठ, २४ वर्षीया मनिषा श्रेष्ठ र २५ वर्षीय बाबु अलि सिद्धिकी रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको र आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## कर्णाली...

रम्भा-३ ज्ञानिसरा चितौंरको घर जोखिममा परेपछी ७ जना परिवारका सदस्यलाई छिमेकीको घरमा सारिएको, निस्दि-५ निवासी नरबहादुर खरुको घर जोखिममा परेपछी तीन जना सदस्यलाई सुरक्षित स्थानमा सारिएको, रैनादेवि छहरा-१ मनिकला कुमाल, ओमप्रकाश कुमाल, रीता कुमाल, सिमा कुमाल, मालती नेपालीको घर जोखिममा परेपछि ११ जना सदस्यहरुलाई आफन्तको घरमा सारिएको छ। माथागढी-७ निवासी लोकमायाँ चुहानको घर जमिन भासिदा जोखिममा परेपछी ७ जना सदस्य पुरानो घरमा बसेको, सोही ठाउँ निवासी हिराबहादुर ढेंगाको घर पनि बस्न नमिल्ने भएपछी ४ जना सदस्य पुरानो गोठमा बसेको जनाइएको छ। रैनादेवी छहरा-१ निवासी कमला गरम्जाको घर पहिरोले पुरिएपछी तीन जना सदस्यलाई आफन्तको घरमा सारिएको छ। रीब्दीकोट-४ निवासी मिनप्रसादको घर अगाडि पहिरो खस्दा जोखिम बढेपछि चार जना सदस्यलाई सुरक्षित स्थानमा सारिएको हो। पाल्पा तिनाउ-१ निवासी निरज सास्कोटीको घर पहिरोले पुरिएपछि चार जनालाई सुरक्षित स्थानमा सारिएको छ। गुल्मी छत्रकोट-५ निवासी कृष्ण विकको घरमा क्षति पुगेपछि तीन जनालाई सुरक्षित स्थानमा सारिएको छ। रोल्पा त्रिवेणी-६ धरमखोला निवासी केशरबहादुर वलीको बाख्रा गोठ भत्किएको छ। यस्तै माडी गाउँपालिका-४ बुढागाउँ निवासी गनबहादुर घर्तीको कुखुरा फारममा क्षति पुगेको छ।

# बाँकेको राप्तीसोनारीको ढकेरीमा जंगली हात्तीको आतंक

■ नमस्ते समचारदाता
बाँके, असोज/१३



राप्तीसोनारी गाउँपालिका वडा न ९ ढकेरीमा जंगली हात्ती आंतकका कारण स्थानीयवासीले हैरानी व्यहोर्नुपरेको छ। विगत ३ दिन देखि बाँके राष्ट्रिय निकुञ्जको ढकेरी मध्यवर्ती क्षेत्र अन्तर्गतका बुचापुर, खैरी र गुरुवागाउँमा लगाइएको धानबालीमा हात्तीले क्षती पुऱ्याउन थालेपछि स्थानीयले आगो बालेर थाल, ड्रम ठटाउदै, रातभर पहरा दिने गरेका छून । हात्तीले खैरीका धन बहादुर वली, ओमप्रकाश परियार, सिह बहादुर वली, प्रेम बहादुर वली, बुचापुर क्षेत्रका पदम बहादुर परियार, भरत थारु लगायतको धानबालीमा खाने र कुल्चिएर क्षेती पुऱ्याएको छ। हात्ती धपाउन स्थानीयवासीले बाटोमा आगो बालेर पहरा दिने गरेको स्थानीयवासी खुम बहादुर खड्काले बताए। भित्र्याउने बेलाको धानबाली जंगली हात्तीले नोक्सान गर्न थाल्यो निकुञ्जलाई खबर गर्दा वेवास्ता गर्छ रातभर नसुती पहरा दिनुपर्छ खड्काले भने अर्का स्थानीय भरत थारुले जंगली हात्ती गाउँमा पसेपछि निकुञ्जको गस्ती आउनुपर्नेमा त्यसो नभएको बताए। खैरीका स्थानीय सिह बहादुर वलीले यता चुकेनालाले खेत कटान गरिरहेको र उता हात्तीले धानबालीमा नोक्सान गरेकोले के खाएर बाँच्ने चिन्ताले सताएको बताए। उनले कसैले कुरा नसुनिदिएकोमा दुख व्यक्त गरे। 'धानबालीको क्षतिपूर्तिका लागि जाउ भने क्षति भएको एक भाग पनि पाइदैन' उनले भने। ढकेरी मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्ष दल बहादुर खड्काले जंगली हात्ती गाउँमा पसेपछि आफुलाइ जानकारी हुनासाथ निकुञ्ज संग समन्वय गरि हात्ती धपाउन आवश्यक पहल गरिदिन जानकारी गराउने गरेको बताए। त्यस्तै बालीनाली क्षती भएमा मध्यवर्ती क्षेत्र समितिलाई जानकारी गराउन समेत अनुरोध गरेका छून।

# सुदूरपश्चिममा चाडपर्वलक्षित सुरक्षाका लागि ११ हजार प्रहरी परिचालन

■ नमस्ते समचारदाता
धनगढी, असोज/१३



सुदूरपश्चिम प्रदेशका नौ जिल्लामा सात हजार प्रहरी सामान्य अवस्थामा परिचालन हुने गरेका छन् । प्रदेशका नौवटै जिल्लामा दशै, तिहार र छठको समयमा भने थप चार हजार प्रहरी परिचालन गरिने भएको छ। सुदूरपश्चिममा चाडपर्व लक्षित सुरक्षा योजना अन्तर्गत ११ हजार प्रहरी परिचालन गरिने भएको हो। यसका लागि प्रदेश प्रहरीले चाडपर्व लक्षित सुरक्षा योजना तयार पारेको छ। सुदूरपश्चिम प्रदेशका प्रहरी प्रमुख रविन्द्र केसीले नागरिकको सुरक्षामा रहेका सात हजार प्रहरीसहित थप चार हजार प्रहरी चाडपर्वको समयमा परिचालन गरिने बताए। उनले भने, 'दशै, तिहार र छठ पर्वलाई लक्षित गरेर सुरक्षा योजना बनाएका छौ। जनचेतना अभिवृद्धिलाई पनि लैजाने छौ। कारबाही र ट्राफिक व्यवस्थापनको पक्ष पनि बलियो बनाएका छौ। बिगतका वर्षहरुका घटनाको पनि विश्लेषण गरेका छौ।' दशै, तिहार र छठका लागि भारतबाट फर्किएका नागरिकको सुरक्षाका लागि पनि विशेष योजना तयार पारिएको छ। प्रदेश प्रहरीले चाडपर्व लक्षित सुरक्षा योजनामा सीमा सुरक्षा, चोरी-तस्करी, ठगी, लुटपाटको विषयमासमेत रणनीति तयार पारेको छ। नौवटा जिल्ला स्तरको कमाण्ड पोस्टमा ९९ जना प्रहरी, रिजभमा २०६ जना, एक सय ६० जना स्ट्राइफिङमा, पाँच सय ५३ वटा पिकेटहरु, पैदल गस्ती र मोबाइल गस्तीमा पाँच सय ९९ जना, मोबाइल गस्तीमा २५० जना, सादापोसाक, सीमा नाकाका चेकपोस्टमा दुई सय ६५ जना, राजमार्ग चेकिङ, जुवातास, मदिरा र लागुऔषध नियन्त्रणमा २५० जना, राजमार्गमा स्टटिङ्गका लागि २५० जना नियमित चेकजाँचका लागि यथावत छन्।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।
पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।
पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# बाँकेमा पोखरीमा डुबेर एक बालकको मृत्यु



नमस्ते समचारदाता
बाँके, असोज/१३

बाँके जिल्लाको जानकी गाउँपालिका-३ इन्द्रपुरका एक बालकको पोखरीमा डुबेर मृत्यु भएको छ। जानकी गाउँपालिका ३ इन्द्रपुरस्थित बसिर अलीका ९ वर्षीय छोरा अर्थान अलीको घर नजिकै रहेको पोखरीमा माछा मार्न जाँदा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ। अर्थान अलि घरभन्दा १५० मिटरको दुरीमा रहेको पोखरीमा माछा मार्ने क्रममा चिप्लिएर पोखरीमा डुबेर बेपत्ता भएका थिए। सशस्त्र प्रहरीको गोताखोर टोलीले ती बालकको खोजी गर्दा शव बाहिर निकालेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३० बाँकेका प्रमुख सशस्त्र एसपी विमल डाँगीले बताए। उनका अनुसार डुबेर बेपत्ता भएका बालकको खोजीका लागि जिल्ला प्रहरी कार्यालय बाँकेबाट गोताखोर पठाइदिन अनुरोध गरिएकोमा सशस्त्र प्रहरी बल नेपाल बिओपि जयसपुरबाट सशस्त्र प्रहरी निरीक्षक ललित शाहीको कमाण्डमा ७ जनाको टोली र सशस्त्र प्रहरी बल नेपाल नम्बर ४२ रिजर्भ गण शमशेरगञ्जबाट सशस्त्र प्रहरी नायब निरीक्षक टेक प्रसाद आचार्यको कमाण्डमा ६ जनाको गोताखोर टोलीले पोखरीमा खोजी गरेर बालकको शव निकालेको हो। बालकको शवलाई पोष्टमार्टमका लागि भेरी अस्पताल पठाएर पोस्टमार्टमपछि आफन्तलाई जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ। केही दिन यता भएको वर्षाले गर्दा विभिन्न ठाउँमा रहेका पोखरी, नाला र तलाउहरूमा पानी भरिएकोले ती स्थानमा बालबालिकालाई जान नदिन र सतर्कता अपनाउन जिल्ला प्रहरी कार्यालय बाँकेले बाँकेवासीसँग अनुरोध गरेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रमुख एसपी तुल बहादुर कार्कीले बताए।

# बाढीपहिरो र डुबानमा परी देशभर एक सय ४८ जनाको मृत्यु

नमस्ते समचारदाता
काठमाडौं, असोज/१३



बाढीपहिरो र डुबानमा परी हालसम्म देशभर एक सय ४८ जनाको मृत्यु भएको छ भने ५५ जना बेपत्ता भएका छन्। विपद्मा परी एक सय एकजना घाइते भएका छन्। बाढी, पहिरोमा परी धादिङमा ३८, ललितपुरमा २२, काठमाडौँमा १६, काभ्रे २९, मकवानपुर सात, सिन्धुपाल्चोक ६, सोलुखुम्बु पाँचथर र भक्तपुरमा पाँच/पाँच जनाले ज्यान गुमाएका गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए। उनका अनुसार दोलखामा तीन, सिन्धुलीमा दुई, धनकुटा दुई, महोत्तरी दुई, रामेछाप एक, झापा दुई, उदयपुर एक, इलाम एक, सप्तरी एक र नुवाकोटमा एकजनाको मृत्यु भएको छ। बाढीपहिरो प्रभावित क्षेत्रमा खोजी र उद्धारका लागि नौ हजार नौ सय ८३ सुरक्षाकर्मी परिचालन गरिएका तथा हालसम्म तीन हजार ६६१ जनाको उद्धार गरिएको प्रवक्ता तिवारीले बताए। यसैगरी बाढीपहिरोले तीन सय २२ वटा घरमा क्षति र १६ पुल बगाएको सशस्त्र प्रहरी बलले उपलब्ध गराएको पछिल्लो तथ्याङ्कमा उल्लेख छ।


# प्रचण्डद्वारा 'साहसी युवा' चणिकलाल तामाङलाई सम्मान



नमस्ते समचारदाता
काठमाडौं, असोज/१३

पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नख्खुखोलाले बगाएका दुई जनाको उद्धार गर्ने 'साहसी युवा' चणिकलाल तामाङलाई सम्मान गरेका छन्। उनले आफ्नै निवास खुमलटारमा बोलाएर तामाङलाई सम्मान गरेका हुन्। तामाङले हिजो शनिवार ललितपुर महानगरपालिका २५ सुनम टोलस्थित नख्खु खोलाले बगाएका रौतहटका ४३ वर्षीय राजु साह र उनकी छोरी ६ वर्षीया मेघनालाई उद्धार गरेर बचाएका थिए। टहराको छानामाथि चढेर गुहार मागिरहेका चार जनालाई सरकारी निकायले उद्धार गर्न नसकेपछि उनीहरु टहरासँगै बगेका थिए। खोलाले बगाएर झण्डै पाँच सय मिटर तल पुर्‍याएपछि तामाङले उर्लदो भेलमा हाम फालेर दुई जनाको उद्धार गरे। उद्धार गरिएका दुबै जनाको हाल पाटन अस्पतालमा उपचार भइरहेको छ। सँगै बगेका राजुका भाई २२ वर्षीय राज आफै पौडेल उत्रनुभएको थियो भने राजकी छोरी ४ वर्षीया शेर्तु साहको अवस्था अज्ञात रहेको छ। 'साहसी युवा' तामाङलाई सम्मान गर्दै अध्यक्ष प्रचण्डले सरकारले गर्न नसकेको काम गरेर दुई जनालाई नयाँ जीवन दिएकोमा बधाई तथा धन्यवाद दिए। संकटको बेला नै बहादुरहरुको जन्म हुने भन्दै उनले तामाङलाई 'साहसी युवा'को रुपमा सम्मान गरिएको बताए। आफूले यो घटनालाई हिजोदेखि नजिकबाट हेरिरहेको र अहिले तामाङको देशबिदेशमा चर्चा भइरहेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले तामाङ आफ्नो पार्टीकै युवा संगठनमा आबद्ध रहेको थाहा पाउँदा झनै खुशी लागेको बताए। काभ्रेको तेमाल गाउँपालिका ९ चोकटार घर भएका तामाङ माओवादी केन्द्रनिकट सहिद परिवारका सदस्य छन्। उनका दाई तत्कालीन जनयुक्त सेनाका कमाण्डर चन्द्र तामाङले 'शुक्र'को जनयुद्धका क्रममा सर्लाहीमा सहादत प्राप्त गरे। सो क्रममा साहसी युवा तामाङले उद्धार गरेर दुई जनाको जीवन बचाउन पाएकोमा खुशी लागेको बताए। आफू विहान खोला हेर्न आएको बेलामा मान्छे बगेको देखेपछि तत्काल हाम फालेर उद्धारमा लागेको बताए। उनले सानोमा सुनकोशी नदीमा पौडी खेल्दा सिकेको सिपले दुई जनाको ज्यान बचाउन सकेको बताए।




नमस्ते कर्णाली राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके